# देवदह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा शाखा देवदह, रूपन्देही
### ५ नं. प्रदेश नेपाल

प.सं.: ०७५/०७६
च.नं.: ११६३

मिति : २०७५/११/१३

श्री सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरु,
देवदह नगरपालिका, रुपन्देही

विषय : प्रस्तावना पेश गर्ने सम्वन्धमा ।

महोदय,

उक्त सम्वन्धमा नेपाल सरकार द्वारा आ.व. २०७५/०७६ का लागि यस नगरपालिकालाई निम्नानुसारको कार्यक्रम स्वीकृत भए अनुसार यस नगर भित्र सञ्चालित सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरुले तपशिलमा उल्लेखित शिर्षकहरुमा अनुदान प्राप्त गर्नका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित सूचना प्रकाशित भएको मितिले १ हप्ता भित्र यस नगरपालिकाको शिक्षा शाखामा प्रस्तावना पेश गर्नुहुन सूचित गरीन्छ ।

तपशिल

| क्र.स. | कार्यक्रम शिर्षक | मापदण्ड |
|---|---|---|
| १ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन | • पुस्ताकालय नभएका विद्यालय हुनुपर्ने ।<br>• गत आ.व.मा पुस्तकालय व्यवस्थापनमा अनुदान प्राप्त नगरेको हुनु पर्ने ।<br>• पुस्तकालयको लागि आवश्यक कक्षा कोठा हुनुपर्ने । |
| २ | शिक्षण सिकाइमा सूचाना प्रविधिको प्रयोग | • आई. सि.टि. ल्याव स्थापना गर्न सक्ने ।<br>• विद्यालयमा आई.टि. शिक्षकको व्यवस्थापन गर्नुपर्ने ।<br>• विद्युत र ईन्टरनेटको नियमित आपुर्ति भएको हुनुपर्ने ।<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको मापदण्डका आधारमा स्पेसीफिकेशनको परीधि भित्र रहेर सार्वजनिक खरिद ऐन नियमावली बमोजिम खरिद गर्नुपर्ने । |
| ३ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला | • शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको मापदण्डका आधारमा स्पेसीफिकेशनको परीधि भित्र रहेर सार्वजनिक खरिद ऐन नियमावली बमोजिम खरिद गरी प्रयोगशालाको व्यस्थापन गर्ने । |

नोट : यस भन्दा अघि तत्कालिन जिल्ला शिक्षा कार्यालयबाट वितरण गरिएको कार्यक्रममा कुनै पनि वेरुजु नभएको हुनु पर्नेछ ।

विज्ञ सर यो सुचना upload गरि दिनुहोला

हरिलाल अर्याल
शाखा प्रमुख
**शाखा अधिकृत**